नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
(बजेट कार्यान्वयन तथा शोधभर्ना शाखा)

प.सं.: २०८०।८१
च.नं. ३२

मिति:२०८०।०७।०२

विषय: निकासा फुकुवा तथा भुक्तानी सम्वन्धमा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सबै ।

प्रस्तुत विषयमा अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको च.नं. २०१, मिति २०८०।०७।०१ को भुक्तानी दिने सम्बन्धमा विषयक पत्र यसै साथ सम्लग्न रहेको छ। उक्त पत्रबाट व्यहोरा अवगत गर्नुभई बजेट निकासा सम्बन्धी कार्य गर्नु गराउनुहुन साथै शोधभर्ना हुने स्रोतको हकमा यस कार्यालयको च.नं. ०३, मिति २०८०।०४।०७ को बजेट कार्यान्वयन सम्बन्धी निर्देशन बमोजिम भुक्तानी/निकासा गर्नु हुन समेत निर्देशानुसार अनुरोध छ।

बोधार्थ
श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरवार, काठमाडौं।

(प्रदिप राज खरेल)
लेखा अधिकृत

नेपाल सरकार

# अर्थ मन्त्रालय

बजेट तथा कार्यक्रम महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ३३७-४(१)
च. नं.:- २०८०/८१-209

मितिः २०८०/०७/०१

**विषयः भुक्तानी दिने सम्बन्धमा।**

श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
श्री उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय,
श्री खानेपानी मन्त्रालय,
श्री शहरी विकास मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च.न.१२, मिति २०८०/०६/१८ को पत्रबाट कार्ययोजना कार्यान्वयन गर्ने सम्बन्धमा विभिन्न मन्त्रालय/निकायबाट गत आर्थिक वर्ष २०७९/८० मा सिर्जित भएको र॰सो आर्थिक वर्षमा भुक्तानी हुन नसकेको रकम र चालु आ.व.२०८०/८१ मा विधिसम्मत रुपमा सिर्जना भएको पूँजीगत प्रकृतिका खर्च भुक्तानी गर्ने प्रयोजनका लागि त्रैमासिक कार्यक्रम संशोधन तथा LMBIS स्वीकृतिका लागि लेखि आएकोमा तपसील बमोजिमको अधिनमा रही सिर्जित्त दायित्व एकिन गर्ने, र औचित्य पुष्टि गर्ने, कार्य प्रगति सुनिश्चितता गर्ने, जिम्मेवारी एवं आवश्यकता र जवाफदेहिता सम्वन्धित लेखांउत्तरदायी अधिकृत र सम्बद्ध पदाधिकारी रहने गरी मिति २०८०/०७/०१ को (माननीय मन्त्रीस्तर) निर्णयानुसार नीतिगत निर्णय भएको व्यहोरा अनुरोध छ।

**तपसिल**

१. आ.व.२०८०/८१ मा बजेटरी सहायता अन्तर्गत (IDA/DPC-FISC, ADB/PBL-PFM, IMF/ECF, IDA/DPC-F4G) तेस्रो त्रैमासिक सम्म विनियोजित रकम वैदेशिक स्रोत प्राप्त नभएमा नेपाल सरकार स्रोतबाट हिसाव मिलान गर्नेगरी तेस्रो त्रैमासिक सम्म स्रोतको फुकुवा गर्ने ।

२. आ.व.२०८०।८१ को वार्षिक स्वीकृत कार्यक्रममा समेत विनियोजन भएको र गत आ.व. २०७९।८० मा प्रचलित कानुन, स्वीकृत मापदण्ड बमोजिम विधिसम्मत रुपमा खर्च भई खर्च शीर्षक ३११५१-सडक तथा पूल निर्माण, ३११५२-रेलमार्ग तथा हवाई मैदान निर्माण, ३११५४-तटबन्ध तथा बाँध निर्माण, ३११५५-सिंचाई संरचना निर्माण, ३११५६- खानेपानी संरचना निर्माण, ३११५८-सरसफाई संरचना निर्माण, ३११५९-अन्य सार्वजनिक निर्माणमा सिर्जित दायित्व कोष तथा लेखा नियन्त्रक कार्यालयबाट म. ले. प. फा. नं. २२१ भरी प्रमाणित

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय
बजेट तथा कार्यक्रम महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

भएको रकमको भुक्तानी दिने हकमा जुनसुकै त्रैमासिक विनियोजन भएको रकमबाट भुक्तानी गर्ने।

३. चालु आ.व. २०८०/८१ असोज मसान्त सम्म प्रचलित कानुन, स्वीकृत मापदण्ड बमोजिम विधिसम्मत रुपमा खर्च भई सिर्जित दायित्व भुक्तानीको हकमा तेस्रो त्रैमासिक सम्म विनियोजन भएको रकमबाट भुक्तानी गर्ने।

२०८०/०६/०९
(वुद्धि प्रसाद पन्त)
शाखा अधिकृत

**बोधार्थः**

श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाडौः-आवश्यक कार्यार्थ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np